कनकाई नगरपालिकाद्वारा प्रकाशित

# कनकाई राजपत्र

खण्डः ३ सङ्ख्याः ५ प्रकाशन मितिः २०७८/१२/०२

नगरसभावाट स्वीकृत मिति २०७८/११/३०

## भाग - १

## कनकाई नगरपालिका, स्थायी कर्मचारीको तह तथा स्तर वृद्धि सम्बन्धमा विशेष व्यवस्था गर्ने बनेको ऐन, २०७८

प्रस्तावना : साविकका स्थानिय निकायमा कार्यरत, स्थानिय तहमा समयोजन भएका तथा स्थानियतहका लागि लोकसेवावाट सिफारिस भई नियुक्ति भएका तथा समायोजन ऐन, २०७५ बमोजिम हाल कनकाई नगरपालिकामा समायोजन भई तह तथा स्तर वृद्धि नपाएका कनकाई नगरपालिकामा कार्यरत कर्मचारीहरुका लागि वृत्ति विकास सम्बन्धी कानून जारी नहुदा वृत्ति विकासको अवसरबाट बञ्चीत भएका कर्मचारीहरुलाई एक पटकका लागि वृत्ति विकासको अवसर दिई



उत्प्रेरणाको वातावरण प्रभावकारी बनाउन र कर्मचारी सेवालाई सक्षम, सुदृढ र जवाफदेही बनाउन वाञ्छनीय भएकाले स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ को (१) बमोजिम कनकाई नगरसभाले यो ऐन बनाएको छ ।

### परिच्छेद-१
### प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस ऐनको नाम "कनकाई नगरपालिका, स्थायी कर्मचारीको तह तथा स्तर वृद्धि सम्बन्धमा विशेष व्यवस्था गर्न बनेको ऐन, २०७८" रहेको छ ।

(२) यो ऐन नगरसभाबाट पारित भई राजपत्रमा प्रकाशित भएको मिति देखि लागू हुनेछ ।

२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा :

(क) "नगरपालिका" भन्नाले कनकाई नगरपालिका सम्झनुपर्छ ।

(ख) "नगरसभा" भन्नाले कनकाई नगरसभा सम्झनु पर्छ ।

(ग) "कार्यपालिका" भन्नाले कनकाई नगर कार्यपालिका सम्झनुपर्छ ।

(घ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले कनकाई नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनुपर्छ ।

(ङ) “कर्मचारी”साविकका स्थानिय निकायमा कार्यरत, स्थानिय तहमा समयोजन भएका तथा स्थानियतहका लागि लोकसेवावाट सिफारिस भई नियुक्ति भएका तथा समायोजन ऐन, २०७५ बमोजिम हाल कनकाई नगरपालिकामा समायोजन भई तह तथा स्तर वृद्धि नपाएका भई कार्यरत स्थायी कर्मचारी सम्झनुपर्छ ।

(च) “सम्वन्धित निकाय” भन्नाले प्रचलित कानूनद्धारा तोकिएका संघीय सरकार, प्रदेश सरकार तथा स्थानीय सरकार सम्वद्ध सरकारी संयन्त्र सम्झनुपर्छ ।

(छ) “तोकिए बमोजिम” भन्नाले प्रचलित कानून, कार्यपालिका वा प्रमुख प्रशासकीय अधिकृतले तोके बमोजिम सम्झनु पर्छ ।

## परिच्छेद -२
## तह तथा स्तर वृद्धि सम्बन्धी विशेष व्यवस्था

३. तह तथा स्तर वृद्धि सम्बन्धी विशेष व्यवस्था : (१) समायोजन ऐन, २०७५ जारी भएपछि साविकका स्थानिय निकायमा कार्यरत रहि हाल कनकाई नगरपालिकामा समायोजन भई तह तथा स्तर वृद्धिको सुविधा नपाएका कनकाई नगरपालिकामा कार्यरत स्थायी कर्मचारीहरुलाई एक पटकका लागि मात्र देहाय अनुसार तह तथा स्तर वृद्धि गरिने छ ।





| हालको तह | सेवा अवधि | शैक्षिक योग्यता | तह तथा स्तर वृद्धि हुने | कैफियत |
|---|---|---|---|---|
| सहायक स्तर तृतीय | ५ वर्ष | दशौ कक्षा उत्तीर्ण | सहायक स्तर चतुर्थ | ५ वर्षको का.स.मु अनिवार्य हुनुपर्ने |
| सहायक स्तर चतुर्थ | ५ वर्ष | एस एल सि वा सो सरह | सहायक स्तर पाचौं | |
| सहायक स्तर पाचौं | ५ वर्ष | प्रवीणता प्रमाण पत्र तह वा सो सरह | पाचौं अधिकृत स्तर छैटौं | |
| अधिकृत स्तर छैटौं | ५ वर्ष | स्नातक तह वा सो सरह | अधिकृत स्तर सातौं | |

(२) उपदफा १ मा जुनसुकै कुरा लेखिएको भएतापनि महिला कर्मचारीहरुको हकमा सेवा अवधी १ वर्ष कम भएपनि तह तथा स्तर वृद्धि गर्न सकिनेछ ।

(३) कुनै कर्मचारी निलम्बन भएकोमा निलम्बन भएको अवधीभर उपदफा (१) बमोजिमको सेवाको सुविधा पाउने छैन । निलम्बन भएको अवधिलाई सेवा अवधि मानिने छैन ।

(४) उपदफा (१) बमोजिम तह तथा स्तर वृद्धि हुने कर्मचारीका लागि दरबन्दी स्वतः सृजना हुनेछ र निजको तह तथा स्तर वृद्धि भएपछि साविकको पदमा कर्मचारी नियुक्ति गरिने छैन तर निजको अवकास भएमा साविक कै पद रिक्त भएको मानिने छ ।

(५) उपदफा (१) बमोजिम तह तथा स्तर वृद्धि हुने कर्मचारीको ज्येष्ठता र तलब भत्ता नियुक्ति भएको मिति देखि नै कायम हुनेछ तर संगठन

संरचना र दरवन्दी पुनरावलोकन नभएसम्म निजले साविक बमोजिम कै कार्य सम्पादन गनुपर्नेछ ।

(६) यस दफा बमोजिमको तह तथा स्तर वृद्धि सम्बन्धी व्यवस्था यो ऐन जारी भएको मितिले ६ महिना सम्म वा सो भन्दा अगावै संघीय तथा प्रदेश सरकारबाट स्थानीय सेवा संचालन सम्बन्धी कानुन जारी भएमा सो मिति सम्म मात्र लागु हुनेछ ।

(७) श्रेणी विहिन कर्मचारीको हकमा प्रचलित कानुन बमोजिम हुनेछ ।

(८) उपदफा (१) बमोजिमको सेवा अवधि गणना गर्दा स्थानिय निकायमा स्थायी कर्मचारी भई कार्यरत भएको अवधि तथा कनकाई नगरपालिकामा समायोजन भई कार्यरत रहेको समयावधि लाई एकमुष्ट रुपमा जोडी गणना गरिनेछ ।

(९)यस ऐनमा अन्यत्र जे सुकै लेखिएको भएता पनि प्राविधिक कर्मचारीहरुको हकमा सहायक स्तरवाट अधिकृत स्तरमा स्तर वृद्दि हुन माथिल्लो शैक्षिक योग्यता अनिवार्य हुनुपर्नेछ।

४. तह तथा स्तर वृद्धिको पत्र दिने : यस ऐन बमोजिम तह तथा स्तर वृद्धिका लागि नगरसभाको निर्णय बमोजिम प्रमुख प्रशासकीय अधिकृतले तह तथा स्तर वृद्धि पत्र दिइनेछ ।





५. तह तथा स्तर वृद्धि भएका कर्मचारीको सेवा सुविधा : (१) यस ऐन बमोजिम तह तथा स्तर वृद्धि भएका कर्मचारीको तलब भत्ता प्रचलित कानून बमोजिम हुनेछ ।

(२) तह तथा स्तर वृद्धि पश्चात खाईपाई आएको तलबमा घटी हुने भएमा सो बराबरको रकम ग्रेड थप गरिनेछ ।

(३) तह तथा स्तर वृद्धि भएका कर्मचारीले तोकिएको कार्यक्षेत्रमा तोकिए बमोजिमको कामकाज गर्नुपर्नेछ ।

६. प्रचलित कानून लागू हुने : स्थानीय तहका कर्मचारी व्यवस्था सम्बन्धी संघीय वा प्रदेश सरकारबाट कानून वा मापदण्ड जारी भएमा सोही बमोजिम हुनेछ ।

७. बदर हुने : यस ऐनको कुनै व्यवस्था प्रचलित कानूनसँग वाझिएमा वाझिएको हद सम्म स्वतः वदर हुनेछ ।

आज्ञाले<br>
मोहनप्रसाद न्यौपाने<br>
प्रमुख प्रशासकीय अधिकृत